नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
गुलरिया, बर्दिया

०८४-४२०१३३ प्र.जि.अ.
०८४-४२००९५ स.प्र.जि.अ./प्र.अ.
०८४-४२०१३२ प्र.अ.
०८४-४२०२७६ प्रशासन
०८४-४२०२४५ फ्याक्स
०८४-४२०९९९ DEOC
website:daobardiya.moha.gov.np
email:daobardiya@moha.gov.np
daobardiya@gmail.com

प.सं.:०७६/०७७
च.नं.:स्था.प्र./१३५२

मितिः २०७६/०७/२६

विषयः लागु औषध नियन्त्रण सम्वन्धी कार्ययोजना २०७६ पठाइएको सम्वन्धमा ।

श्री गृह मन्त्रालय
शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा
सिंहदरवार, काठमाडौं
श्री गृह मन्त्रालय
लागू औषध नियन्त्रण शाखा
सिंहदरवार, काठमाडौं ।

मिति २०७६/०७/२६ गतेका दिन लागु औषध नियन्त्रण सम्वन्धी गृह मन्त्रालयको स्वीकृत कार्ययोजना यस जिल्लामा कार्यान्वयनका लागि तयार भएको स्वीकृत कार्ययोजना पाना-१ यसै पत्रसाथ पठाइएको व्यहोरा अनुरोध गरिन्छ ।

प्रेमलाल लामिछाने
प्रमुख जिल्ला अधिकारी

बोधार्थः
श्री गुलरिया/राजापुर/बाँसगढी/मधुवन/ठाकुरबाबा/बारबर्दिया नगरपालिका
नगर कार्यपालिकाको कार्यालय बर्दिया ।
श्री बढैयाताल/गेरुवा गाउँपालिका,
गाउँपालिकाको कार्यालय बर्दिया ।
श्री जिल्ला प्रहरी कार्यालय
गुलरिया, बर्दिया
श्री सशस्त्र प्रहरी बल नेपाल नं. ३१ गण हे. क्वा.
गुलरिया, बर्दिया

आज मिति २०६६ साल कार्तिक २३ गते बैठक (४) ले लागू औषध नियन्त्रण सम्बन्धी गृह मन्त्रालयको स्वीकृत कार्यक्रम अनुसार जिल्लामा सञ्चालन गर्नका लागि कार्यक्रम स्वीकृत गर्ने बैठक बसेको निम्नानुसार उपस्थिति रहयो।

उपस्थिति

१. प्र.जि.अ. श्री प्रेमलाल लामिछाने
२ प्र.उ. श्री राजेन्द्रनाथ वाग्ले
३ प्र.प्र.उ. श्री यादव सिग्देल
४ प्र.नि. श्री मीन थापा
५ जि.अ. श्री हरि बहादुर ढकाल

निर्णय नं. -१

लागू औषध नियन्त्रण सम्बन्धी गृह मन्त्रालय बाट स्वीकृत कार्यक्रम अनुसार यस जिल्लामा लागू औषध नियन्त्रण र रोकथाम कार्य संचालनका लागि निम्न अनुसार जिल्ला स्तरीय कार्यक्रम २०६६ स्वीकृत गर्ने निर्णय गरियो।

## लागू औषध नियन्त्रण सम्बन्धी जिल्लास्तरीय कार्ययोजना, बर्दिया २०७६

| क्र.सं | कार्य विवरण | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | लागू औषध नियन्त्रण सम्बन्धी प्रचार सामाग्री निर्माण तथा वितरण | जिल्ला प्रशासन कार्यालय | स्थानीय तहहरू | १ महिना भित्र तयार गरी निरन्तर | लागू औषध नियन्त्रणको प्रचार प्रसार प्रभावकारी हुने |
| २ | सबै स्थानीय तहमा वडास्तरीय लागू औषध नियन्त्रण सचेतना अभियान सञ्चालन समिति गठन | सबै स्थानीय तहहरू | जिल्ला प्रशासन कार्यालय तथा जिल्ला प्रहरी कार्यालय | १ महिना | लागू औषध नियन्त्रणमा स्थानीय तहको सहभागिता र अपनत्व अभिबृद्दि हुने |
| ३ | सबै नगरपालिका तथा गाउपालिकामा बृहत सचेतना अभियान | सबै स्थानीय तहहरू | जिल्ला प्रशासन कार्यालय तथा जिल्ला प्रहरी कार्यालय | ३ महिना | लागू औषध नियन्त्रण सम्बन्धी सचेतना अभियान स्थानीय तह सम्ममा पुग्ने |
| ४ | जिल्ला प्रहरी कार्यालय र मातहत ईकाईका प्रमुखहरूलाई अभिमुखीकरण | जिल्ला प्रहरी कार्यालय | जिल्ला प्रशासन कार्यालय | ४५ दिन | लागू औषध अपराध नियन्त्रणमा प्रहरी ईकाईको क्षमता बढ्ने |
| ५ | लागू औषध नियन्त्रण सम्बन्धमा विद्यालय तथा क्याम्पसस्तरीय सचेतना अभियान | जिल्ला प्रहरी कार्यालय | सम्बन्धित विद्यालय तथा क्याम्पस | तत्काल शुरू गरी निरन्तर | लागू औषध नियन्त्रण अभियानमा युवा तथा किशोर किशोरीको जागरूकता बढ्ने |
| ६ | लागू औषध नियन्त्रण सम्बन्धमा स्थानीय तहका जनप्रतिनिधिहरूसंग अन्तरक्रिया | स्थानीय तह | जिल्ला प्रहरी कार्यालय | तत्काल शुरू गरी निरन्तर | स्थानीय तहले नीति योजना र कार्यक्रम तर्जुमा गर्न सहज हुने |
| ७ | भारतसंगको सीमा क्षेत्रमा छुट्टै डेस्क स्थापना | सशस्त्र प्रहरी वल, नेपाल | जिल्ला प्रहरी कार्यालय | तत्काल शुरू गरी निरन्तर | सीमा क्षेत्रमा लागु औषध नियन्त्रण हुने । |
| ७ | लागू औषध उत्पादन वेचविखन तथा सेवन हुन सक्ने संकास्पद स्थानहरूको पहिचान निगरानी, चेकजाँच अनुगमन तथा कारबाही | जिल्ला प्रहरी कार्यालय | सशस्त्र प्रहरी वल, नेपाल | तत्काल शुरू गरी निरन्तर | लागू औषध अपराध नियन्त्रणमा प्रभावकारिता आउने |
| ८ | औषधी पसलहरूको अनुगमन | औ.व्य. विभाग | जिल्ला प्रशासन कार्यालय | तत्काल शुरू गरी निरन्तर | लागू औषधको अनाधिकृत विक्री वितरणमा दुरूत्साहन हुने |
| ९ | लागू औषध दुरूपयोग तथा ओसारपसार विरुद्दको अन्तर्राष्ट्रिय दिवस २६ जुन मनाउने | जिल्ला प्रशासन कार्यालय | जिल्ला प्रहरी कार्यालय | २६ जुन | यस दिवस मनाउन एक्यवद्दता कायम हुने ।लागू औषध नियन्त्रण अभियान प्रभावकारी हुने |
| १० | गाँजा खेती नष्ट | जिल्ला प्रशासन कार्यालय | जिल्ला प्रहरी कार्यालय | निरन्तर | लागू औषधको अवैध खेति नियन्त्रण हुने |
| ११ | लागू औषध नियन्त्रण सम्बन्धमा कारागारका बन्दीहरूलाई अभिमुखीकरण | जिल्ला प्रशासन कार्यालय | जिल्ला प्रहरी कार्यालय | २ महिना | लागू औषध अपराध सम्बन्धमा जानकारी हुने |
| १२ | लागू औषध प्रयोगकर्ताहरूका लागि उपचार तथा पुनस्थापन केन्द्रको अनुगमन | जिल्ला प्रशासन कार्यालय | जिल्ला प्रहरी कार्यालय र स्थानीयतह | १ वर्ष | लागू औषध प्रयोगकर्ताहरूका लागि उपचार तथा पुनस्थापना केन्द्रको प्रभावकारीता बढाउने । |